## कर्मचारी सञ्चय कोषको ५५औं स्थापना दिवसको अवसरमा
## प्रशासक कृष्णप्रसाद आचार्यद्वारा प्रस्तुत प्रगति विवरण

कर्मचारी सञ्चय कोष आज आफ्नो स्थापनाको ५४ वर्ष पूरा गरी ५५ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा सर्वप्रथम कोषको तर्फबाट संस्थागत सुदृढीकरण तथा आम सञ्चयकर्ताको उच्चतम हित र सन्तुष्टिका लागि सदैव कटिवद्ध रहने प्रतिवद्धता व्यक्त गर्नुका साथै स्रोतको प्रभावकारी परिचालन, सामाजिक सुरक्षाका कार्यक्रमको कार्यान्वयन तथा सञ्चयकर्ताको दायरा विस्तारको माध्यमबाट देशको आर्थिक तथा सामाजिक विकासमा थप योगदान पुऱ्याउन सदैव क्रियासील रहने प्रण गर्दछौं ।

- ***सुरक्षित भविष्यको लागि संचय कोषको व्यवस्था गरौं*** भन्ने सामाजिक सुरक्षाको अवधारणा सहित वि.सं.१९९१ सालमा सैनिक द्रव्य कोषको रुपमा उदय भई वि.सं.२०१९ सालमा कर्मचारी संचय कोषको रुपमा स्थापना भएको यो संस्था राष्ट्रको ठूलो सम्झौतित वचत रकम परिचालन गर्न तथा सामाजिक सुरक्षाको अवधारणालाई सफल पार्न प्रयासरत सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित हुदै गएको विषय यस समारोहमा राख्न पाँउदा कोष परिवार गौरवान्वित महसुस गरिरहेको छौं ।

- कोषमा योगदान गर्ने सञ्चयकर्ताको अवकाश पछिको आर्थिक तथा सामाजिक आवश्यकताको पूर्तिका लागि अनिवार्य बचतको व्यवस्थापन गर्नु नै कोषको प्रमुख जिम्मेवारी हो । "राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित गर्ने" दूरदृष्टि लिई कोषका कार्यहरुलाई निष्पक्ष र स्वतन्त्र, जवाफदेही र पारदर्शी बनाई सेवाको गुणस्तरमा निरन्तर सुधार, कार्यदक्षता, प्रभावकारिता, परिणाममुखी व्यवस्थापन प्रक्रिया एवम् सहभागिता र सहकार्य जस्ता व्यवस्थापकीय मूल्य मान्यतालाई आत्मसात गर्दै कोष गतिशील र सुदृढ संस्थाको रुपमा स्थापित हुदैं गएको तथ्य समेत अनुरोध गर्दछौं ।

- सञ्चयकर्ताका सेवाकालीन आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमबाट सञ्चयकर्तालाई सहयोग गर्ने र दीर्घकालीन पूँजी निर्माणको माध्यमबाट देशको अर्थतन्त्रमा योगदान गरी देशको पूर्वाधार बिकासको दिशामा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको कोषले नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेका सामाजिक सुरक्षा सम्वन्धि हकको सुनिश्चितताका लागि सामाजिक सुरक्षाको परम्परागत अवधारणालाई एकीकृत तथा वृहत सामाजिक सुरक्षा प्रणालीका रुपमा विकास गर्न वर्तमान कार्यक्षेत्र र दायरामा विस्तार गरी क्रमशः मुलुकको प्रमुख सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा विकास गर्ने दीर्घकालिन लक्ष्य लिएको छ ।

- कोषलाई आजको अवस्था सम्म ल्याई पुऱ्याउन उल्लेख्य भूमिका निर्वाह गर्नुहुने हाम्रा आदरणीय अग्रजहरुको योगदानको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक सम्मान र कृतज्ञता ज्ञापन गर्दछौं । साथै, कोषको समग्र विकासमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने नेपाल सरकार, अर्थमन्त्रालय, कोष सञ्चालक समिति, सार्वजनिक संस्थान निर्देशन वोर्ड, विभिन्न वैंक तथा वित्तीय संस्था, सञ्चयकर्ता कार्यालय तथा सम्पूर्ण सञ्चयकर्ताहरुमा समेत हार्दिक आभार व्यक्त गर्दछौं । कोषको ५५ औं वार्षिकोत्सवको यस अवसरमा कोषको वर्तमान अवस्था र भावि योजनाका सम्वन्धमा केही तथ्यहरु राख्न चाहान्छौं ।

### *समग्र वित्तीय अवस्था :*

- लेखापरीक्षण हुन बाँकी आर्थिक विवरण अनुसार वि.सं. २०७३ आषाढ मसान्त सम्ममा कोषमा रु. २ खर्ब २४ अर्ब ९४ करोड कुल वित्तीय स्रोत रहेको छ । सो रकम मध्ये रु.२ खर्ब १९ अर्ब ३४ करोड आयआर्जन हुने विभिन्न क्षेत्रमा लगानी भएको छ भने बाँकी रु.५ अर्ब ५९ करोड न्यून आय हुने क्षेत्र एवं चालु सम्पत्तिको रुपमा उपयोग भएको छ ।

- कोषमा आर्थिक वर्ष २०७२/७३ मा ऋण तथा लगानीबाट प्राप्त व्याज तथा लाभाँश रु. १५ अर्ब १३ करोड र विविध आम्दानी रु.२० करोड सहित कुल रु.१५ अर्ब ३३ करोड आम्दानी भएको छ । सो रकमबाट सञ्चयकर्तालाई प्रदान गरिएको व्याज तथा अन्य व्यवस्थापन खर्चमा कटाई रु. १ अर्ब ४५ करोड खुद बचत भएको छ ।

- राष्ट्रिय गौरवको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत परियोजनाका लागि हालसम्म रु.१० अर्ब ६ करोड ९१ लाख (पूँजीकृत सहित) कर्जा प्रवाह गरि सकिएको भने चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका हालसम्म रु.२ अर्ब ५७ करोड ४ लाख (पूँजीकृत सहित) कर्जा प्रवाह गरिसकिएको छ । त्यसैगरी नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्न रु.९ अर्ब ६१ करोड ५८ लाख कर्जा प्रवाह गरिएको छ भने नयाँ जहाज खरिद गर्न थप ऋण सहयोग गर्न कोष सकारात्मक रहेको छ ।

- कोषले पूर्वाधार विकासका क्षेत्रमा योगदान गर्ने उद्देश्यले निजी क्षेत्रवाट प्रर्वद्धित जलविद्युत आयोजनामा समेत लगानी गर्दै जाने नीति अनुरुप सहवित्तीयकरण कर्जामा सहभागिता जनाईएको छ ।

- परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाइएका कारण कोषको कुल स्रोतमा निष्कृय कर्जाको अनुपात ०.५ प्रतिशत भन्दा कम रहेको छ । कोषका विगत धेरै वर्ष देखि असुल हुन नसकी अवलेखन गरिएका, शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था भएका र नेपाल सरकारले रुग्ण उद्योग घोषणा गरेका परियोजना कर्जाहरुको प्रभावकारी असुलीका लागि परियोजना कर्जा विशेष असुली नीति कार्यान्वयन गरी असुली प्रक्रिया अघि वढाईएको छ ।

- कोषको विभिन्न बैंकहरुमा रहेको मौज्दात रकमलाई समयमै केन्द्रमा रकमान्तर गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्नका लागि प्रभावकारी रुपमा स्रोत संकलन गर्ने कार्यलाई Any Branch Banking System को माध्यमबाट व्यवस्थित बनाउन नेपाल बैंकसंग समझदारी सम्झौता (MOU) गरी निजी तथा सरकारी बैंकहरुको केन्द्रिय स्तरको कोषको खातामा कोषकट्टी रकम जम्मा गर्ने व्यवस्था मिलाइएको छ ।

***सेवा सुविधा प्रवाह तथा दायरा विस्तारको अवस्था***

- कोषले हाल निजामती, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका साथै सार्वजनिक संस्थान र सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरु एवम् सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरुको समेत गरी कुल ५ लाख २५ हजार सञ्चयकर्ताको सञ्चयकोष रकमको कुशल व्यवस्थापन गरिरहेको छ ।

- निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्दै जाने नीतिअनुरुप आ.व.२०७२/७३ मा त्रिभुवन विश्व विद्यालयका शिक्षक तथा कर्मचारी सहित ८५ वटा संस्थाका करिव २५,००० कामदार/कर्मचारीहरुलाई कोषमा आवद्ध गरिएको छ ।

- वैदेशिक रोजगारमा रहेका कामदार कर्मचारीहरुलाई कोषको दायरामा समाहित गर्न आवश्यक अध्ययन तथा योजना तर्जुमालाई थप प्रभावकारी वनाउन गैर आवासिय नेपाली संघसँग समझदारी सम्झौता गरिएको छ । सोही अनुरुप गैर आवासिय नेपाली संघको पाँचौ मध्यपूर्विय क्षेत्रीय सम्मेलनमा कोषको तर्फवाट अवधारणा पत्र समेत प्रस्तुत गरिएको छ ।

- कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफा रकमको करिव ९५ प्रतिशत मुनाफा रकम सञ्चयकर्ताको हितका लागि खडा गरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा तथा अन्य सुविधाहरु प्रदान गर्दै आएको छ । सोही अनुरुप आर्थिक वर्ष २०७२/७३ सामाजिक सुरक्षा सुविधाहरु अर्न्तगत औषधोपचार सहयोग कार्यक्रम अर्न्तगत ७१ जना सञ्चयकर्तालाई १८ लाख ४५ हजार, काजक्रिया अनुदान अर्न्तगत ९७५ जनालाई रु.३ करोड ८९ लाख ५४ हजार, दुर्घटना क्षतिपूर्ति कार्यक्रम अर्न्तगत १९७ जनालाई रु.२ करोड १ लाख ८० हजार र यसै आर्थिक वर्ष २०७२/७३ वाट शुरु गरिएको सुत्केरी तथा शिशु स्याहार सुविधा अर्न्तगत १०,१६० जना सञ्चयकर्ता वा निजको परिवारलाई रु.७ करोड ६२ लाख सुविधा प्रदान गरिएको छ ।

- आर्थिक वर्ष २०७२/७३ मा कोषले सञ्चित कोषमा ६.७५ प्रतिशतका दरले व्याज प्रदान गर्नुका साथै ०.८५ प्रतिशत मुनाफा उपलव्ध गराएको छ । साथै, कोषले सञ्चयकर्ताका लागि विगत वर्षदेखि प्रदान गर्दै आएका सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी, सरल चक्र कर्जा, विशेष सापटी सुविधाहरुको सिमा तथा दायरा विस्तार गरिएको छ । कोषले आर्थिक वर्ष २०७२/७३ देखि गत वर्ष गएको विनासकारी

भूकम्पले प्रभावित सञ्चयकर्ताहरुको घर मर्मतमा सहयोग पु-याउने उद्देश्यले अन्य सापटीमा भन्दा १ प्रतिशत कम व्याजदरमा **सञ्चयकर्ता घर मर्मत सापटी** प्रदान गर्न शुरु गरेको छ।

- कोषले धनकुटा, विराटनगर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढीमा शाखा कार्यालय र केन्द्रीय कार्यालय, पुल्चोक एवं सिंहदरवार परिसरमा सेवाकेन्द्र स्थापना गरी सूचना प्रविधिको उच्चतमा प्रयोग मार्फत गुण्स्तरीय सेवा तथा सेवा प्रवाहको पहुँचमा विस्तार गरिएको छ ।

- सञ्चयकर्ताका गुनासा तथा सुझावहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न ***विद्युतीय गुनासो व्यवस्थापन प्रणाली*** (Electronic Grievance Handling System) को विकास गरिएको छ भने कोषले सञ्चयकर्ताहरुको पहिचान, सुरक्षा तथा सेवा प्रवाहमा सरलिकृत गर्नका लागि वायोमेट्रिक डाटा संकलन गर्ने योजना तयार गरेको छ।

***संस्थागत तथा अन्य सुधारको अवस्था***

- मुलुकको भरपर्दो सामाजिक सुरक्षाको आधार निर्माण गर्न तथा विद्यमान दायरा एवं क्षेत्र विस्तार गर्ने उद्देश्यले कोषले नेपाल सरकारसमक्ष पेश गरेको कर्मचारी सञ्चय कोष ऐन, २०१९ नवौं संशोधन विधेयक सम्मानित व्यवस्थापिका संसदवाट पास भई ऐनको संशोधनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

- कोषका सम्वद्ध पक्ष बीच समन्वय गरी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउन, कार्य प्रणालीलाई नियमित, व्यवस्थित र सुशासित बनाउन तथा सञ्चयकर्ताहरुको हकहित र अधिकार सुनिश्चित गर्न ***संस्थागत सुशासन मागदर्शन र सूचना प्रविधि नीति,*** दैवी प्रकोप तथा अन्य आपदको अवस्थामा कोषको सेवाको निरन्तरता तथा आवश्यक सुचनाको सुरक्षाकालागि कोषले ***व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना,*** कोषको कार्य समपादनको अनुगमन तथा मूल्यांकन व्यवस्थालाई प्रभावकारी तथा नतिजामुखी बनाउन ***अनुगमन र मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि,*** कोषको वार्षिक बजेटको तर्जुमा, कार्यान्वयन, समीक्षा तथा नियन्त्रण सम्बन्धी प्रकृयाहरुलाई व्यवस्थित गर्न ***बजेट निर्देशिका,*** वित्तिय कारोबारहरुमा निहित जोखिमहरुको पहिचान, विश्लेषण तथा मापन र अनुगमन तथा नियन्त्रणमा आवश्यक सहयोग पुऱ्याउने ***जोखिम व्यवस्थापन निर्देशिका,*** स्रोतको प्रभावकारी तथा प्रतिफयुक्त क्षेत्रमा परिचालनका निमित्त आवश्यक ***लगानी नीति,*** को प्रभावकारी कार्यान्वयन गरिएको छ।

- सञ्चय कोष व्यवस्थापनका अतिरिक्त सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने संस्थाको हैसियतले सन् १९८० मा अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्था (International Social Security Association-ISSA) को Associate Membership प्राप्त गरेको कोषले अर्न्तराष्ट्रि सम्वन्ध विस्तार गर्दै जाने नीति अनुरुप सन् २०१४ मा Association of Development Financing Instititutions in Asia and the Pacific-ADFIAP को सदस्यता प्राप्त गरेको छ। साथै, कोषले International Labour Organization, ILO सँगको सहकार्यमा सामाजिक सुरक्षाको विकास र दिगोपनामा थप सहयोग गर्ने योजना समेत वनाएको छ।

- कोषले प्रत्येक आर्थिक वर्षको लेखालाई समयमा नै लेखापरीक्षण गराई वित्तीय विवरणहरु प्रकासन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्दै आएको छ। सोही अनुरुप आर्थिक वर्ष २०७१/७२ को अन्तिम लेखापरीक्षण समयमै सम्पन्न भई महालेखा परीक्षकको कार्यालयबाट प्रतिवेदन समेत प्राप्त भइसकेको छ भने कोषले ऐनद्धारा तोकिएको समयमा नै आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत गरिएको छ। यसै सर्न्दभमा कोषले ICAN वाट प्रत्येक वर्ष प्रदान गरिने सार्वजनिक निकाय (Public Entity) तर्फ Best Presented Annual Report (BPA) Award, 2015 लगातार तेस्रो वर्ष पनि प्राप्त गर्न सफल भएको छ।
- त्यसैगरी नेपाल राष्ट्रिय वित्तिय संस्था कर्मचारी संघ नेपालले प्रदान गरिएको औद्योगिक शान्ति पुरस्कार, २०७२ र Association of Development Financing Instititutions in Asia and the Pacific- ADFIAP ले प्रदान गरेको सस्थागत सुशासन (Corporate Governance) तर्फको अन्तराष्ट्रिय सम्मान प्राप्त गर्न सफल भएको छ।

- कोषको सूचना प्रविधि प्रणालीमा निहीत जोखिम विश्लेषण तथा सुधारका लागि सिस्टम अडिट र सञ्चयकर्ता सापटीको लेखाङ्कनको विश्वासनियता कायम गर्न वाह्य विज्ञवाट सोको विशेष लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ।

*मानव ससांधन तथा आन्तरिक व्यवस्थापन*

- कोषमा कार्यरत मानव संशाधनको प्रभावकारी व्यवस्थापनका लागि मानव संशाधन नीति तथा विकास योजना कार्यान्वयन गरिएको छ भने मानव संशाधनको क्षमता विकासका लागि आवश्यक अध्ययन तथा तालिमको पहिचान, कार्यक्रमहरुको प्रभावकारी सञ्चालन र अनुगमन तथा मुल्याङ्कनलाई व्यवस्थित गर्न तालिम नीति तथा तालिम कार्यविधि तर्जुमा गरिएको छ । साथै मानव संशाधनको दक्षता अभिवृद्धि गर्न आवश्यक अध्ययन तथा अनुसन्धानका लागि स्रोतको कमी नहोस भन्ने उद्देश्यले यसै आर्थिक वर्षमा मानव संसाधन बिकास कोषको स्थापना गरिएको छ ।

- कोष र National Pesion Service, Korea वीच मानव संशाधन विकास तथा प्राविधिक सहयोगका सम्वन्धमा सहकार्य गर्ने सहमति अनुरुप NPS, Korea ले कोषका उच्च अधिकृतहरुलाई निवृत्तीभरण व्यवस्थापन सम्वन्धि तालिम प्रदान गर्नुका साथै प्राविधिक सहयोग समेत हस्तान्तरण गरेको छ । मानव संसाधन विकास गर्नका लागि सहकार्य गर्ने उद्देश्यले नेपाल बैकिङ्ग ईन्स्टिच्युट र काठमाडौं विश्व विद्यालयसंगे सम्झौता सम्पन्न गरिएको छ ।

- कोषभित्रको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्वकला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना (Succession Planning) सुनिश्चित गर्न तथा कर्मचारीहरु बीच समूहगत कार्यप्रणाली (Team Work) भावनाको विकास गर्न गठित वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को कार्यलाई थप प्रभावकारी वनाउदै लगिएकोछ ।

- आर्थिक वर्ष २०७२/७३ मा ५८ वटा स्वदेश तालिममा ४५८ जना तथा १८ वटा वैदेशिक तालिम कार्यक्रममा १५० जना कर्मचारीहरुलाई सहभागी गराईएको छ । कोषको जनशक्तिलाई समयानुकल मान्यता प्राप्त विश्वविद्यालयबाट M.Phil तथा Ph.D अध्ययन गर्दा सामाजिक सुरक्षा तथा सञ्चय कोषको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने सोधपत्रकर्ताका लागि छात्रवृत्ति प्रदान गर्न ***सामाजिक सुरक्षा एवं सञ्चय कोषसंग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्ने व्यवस्था*** गरिएको छ भने कोषको कर्मचारीका छोराछोरीलाई उच्च शिक्षाका लागि छात्रवृत्ती प्रदान गर्न ***कोषका कर्मचारी सन्तति छात्रवृत्ती*** प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

- कोषको रिक्त दरबन्दी पूर्ति गर्ने उद्देश्य अनुरुप ५५ जना दक्ष जनशक्ति खुल्ला/समावेशी प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । यसबाट कोषको मानव संशाधनको रिक्तता पूर्ति हुनाको साथै, संस्थामा नयाँ रक्तसञ्चार हुने विश्वास रहेको छ ।

**कोषका भावि योजनाहरु :**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा नवौं संशोधनवाट गरिने व्यवस्था अनुरुप कोषलाई देशको सञ्चय कोष व्यव्स्थापन, निवृत्तभिरण कोष लगायत सामाजिक सुरक्षा योजना र सामुहिक लगानी योजना सञ्चालन गर्ने र विभिन्न योजनावाट संकलन हुने दीर्घकालिन वचतलाई राष्ट्रको पूर्वाधार विकासमा परिचालन गर्ने प्रभावकारी संयन्त्रका रुपमा स्थापित गर्ने लक्ष्या रहेको छ ।

- भारत वाहेकका मुलुकहरुमा वैदेशिक रोजगारमा रहेका करीव ४० लाख नेपाली कामदार तथा कर्मचारीहरुको सामाजिक सुरक्षाको प्रत्याभूति गर्न कोषले"**वैदेशिक रोजगार सञ्चय कोष योजना** सञ्चालन गर्ने उद्देश्य अनुरुप अवधारणा तयार गरिएको छ भने यसलाई मुर्तरुप दिन गैर आवासिय नेपाली संघसँग सहकार्य अघि वढाईएको छ ।

- देशभित्र निजी क्षेत्रमा कार्यरत करिव २० लाख संस्थागत रोजगारहरु र अन्य स्वरोजगारहरुलाई समेत सञ्चय कोष लागयत अन्य सामाजिक सुरक्षाका सुविधाबाट लाभान्वित गराउदैं कोषको दायरा विस्तार मार्फत कोषलाई मुलुकको समग्र सामाजिक सुरक्षा प्रदान गर्ने सक्षम संस्थाको रुपमा विकास गर्न कोष लागी परेका छ ।

- **निजी तथा असंगठीत क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदारहरुको** सामाजिक सुरक्षाको दायरा विस्तारका लागि योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालन गर्ने साथै सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि असंगठीत क्षेत्रका कामदार तथा स्वरोजगारहरुका लागि स्वैच्छिक रुपमा कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने व्यवस्थाका लागि एक छुट्टै योजना सञ्चालन गर्ने कार्यक्रम रहेको छ।
- औपचारिक क्षेत्रका सवै संस्थाहरुका कामदार कर्मचारीहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्न सञ्चय कोष रकम अनिवार्य रुपमा कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सम्वन्धमा कर्मचारी सञ्चय कोष ऐनमा रहेका व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार समक्ष अनुरोध गरिएको छ।
- सीमित तथा निश्चित आयमा जीवनयापन गरिरहेका संचयकर्ताहरुको स्वास्थ्यसम्बन्धी अन्तरनिहीत जोखिमबाट निज वा निजको आश्रितलाई पर्न सक्ने आर्थिक असरलाई न्यूनीकरण गर्न, निजी क्षेत्रका रोजगारदाता तथा तिनका कामदार कर्मचारीहरुलाई कोषको दायरामा ल्याई सञ्चयकर्ताहरुको स्वास्थ्य सम्वन्धि आवश्यकतालाई सुव्यवस्थित रुपमा व्यवस्थापन गर्न ***योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना*** नेपाल सरकारको सहयोगमा सञ्चालन गर्ने कार्यक्रम रहेको छ।
- आगामी ३ वर्षभित्र कोषको कुल स्रोत करीव ५०० अर्व भन्दा वढी हुन सक्ने देखिएकाले यस्तो दीर्घकालिन वचत रकमलाई देशको आर्थिक विकासमा परिचालन गर्न सरकारी वचत तथा ऋणपत्रमा प्राथमिकताका साथ परिचालन गर्न नेपाल सरकारको सहयोगमा आवश्यक योजना तथा रणनीति तय गरिनेछ।
- अवकास कोष व्यवस्थापन वा दीर्घकालीन वचत संकलन गर्ने कर्मचारी सञ्चय कोष जस्ता संस्थाहरुमा जम्मा भएको पूँजी देशको पूर्वाधार विकासका निमित्त परिचालन गर्न र आर्थिक तथा सामाजिक रुपमा संभाव्य देखिएका राष्ट्रिय महत्वका जल विद्युत, स्याटेलाईट शहर, नगरोन्मुख शहरहरुको पूर्वाधार विकास तथा अन्य संभाव्य परियोजनाहरुमा कोष जस्ता दीर्घकालीन वचत संकलन गर्ने संस्थाहरुमा जम्मा भएको वचत परिचालन गर्न नीतिगत व्यवस्था मिलाईदिन नेपाल सरकार समक्ष अनुरोध गरिएको छ।
- कोषको लेखाङ्कन प्रणालीलाई थप व्यवस्थित एवं भरपर्दो वनाई अर्न्तराष्ट्रिय स्तरको मापदण्ड अनुरु वनाउदैं लैजान कोषले आफ्नो संस्थागत क्षमता अभिवृद्धि, मानव ससांधन विकास र विद्यमान लेखा नीति तथा प्रणालीमा समेत सुधार गर्दै लैजाने नीति रहेको छ।

**अन्त्यमा,**

- सामाजिक सुरक्षा सहितको सामाजिक न्याय, शान्ति, स्थायित्व र समावेशि विकास वर्तमान समयको आवश्यकता रहेको सर्न्दभ र सन् २०२२ सम्म नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गरी सम्वृद्ध, राष्ट्र बनाउने राष्ट्रको दीर्घकालीन सोच अनुरुप “सबैका लागि पर्याप्त सामाजिक सुरक्षा” को अवधारणा साकार तुल्याउन कर्मचारी सञ्चय कोष सामाजिक सुरक्षा योजनाको विकास र कार्यक्रम कार्यान्वयन गर्ने निकायको रुपमा राष्ट्रलाई सहयोग गर्न प्रतिवद्ध रहेको छ।
- कोषले अवलम्बन गरेका रणनीति, कार्यनीति तथा कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकारबाट सार्थक सहयोग, सद्भाव र समन्वय सदा झैं प्राप्त भईरहनेमा पूर्ण विश्वास रहेको छ। सञ्चालक समितिको सबल र सक्षम नेतृत्व, सम्पूर्ण सञ्चयकर्ताको अटुट विश्वास, कोषका कर्मचारीको निष्ठापूर्ण समर्पण एवम् कर्मचारी सङ्गठन तथा सम्पूर्ण सरोकारवालाहरुको रचनात्मक सहयोगबाट कोष दूरदृष्टि तथा दीर्घकालिन लक्ष्य प्राप्तिको गन्तव्यमा पुग्ने कुरामा कोष विश्वस्त रहेको छ।